# प्रेस विज्ञप्ति

प्रदेश सरकारले आम नागरिकलाई प्रदान गर्नुपर्ने पूर्वाधार लगायतका अन्य सेवा सुविधाहरु सार्वजनिक, निजी, सहकारी साझेदारीमा प्रदान गरी प्रदेशको तीव्र आर्थिक, सामाजिक एवम् समग्र विकासको ढोका खोल्न नीतिगत एवम् कानूनी व्यवस्था गर्न आवश्यक भएकोले प्रदेश सभाले सार्वजनिक, निजी, सहकारी साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ पारित गरी हालै प्रदेश राजपत्रमा प्रकाशन भएको छ ।

यसै ऐन बमोजिम प्रदेश मन्त्रालयहरुबाट सार्वजनिक, निजी साझेदारीका लागि सिफारिस भई आएका आयोजनाहरुको पहिचान, प्राथमिकिकरण तथा छनौट गरी आयोजना बैंक तयार गर्न, कार्यान्वयनको प्रक्रियामा सम्बन्धित निकायलाई सहयोग गर्न, सम्भावित विवादहरुको व्यवस्थापन तथा ती आयोजनाहरुको अनुगमन, मूल्याङ्कन गर्न दफा ६७ मा सार्वजनिक निजी साझेदारी समितिको परिकल्पना गरिएको छ । यस उच्चस्तरीय समितिमा मन्त्रालयका माननीय मन्त्री अध्यक्ष हुने एवम् सदस्यहरुमा प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष, प्रदेश मन्त्रालयका सचिवहरु, प्रदेश स्थित सहकारी महासंघको अध्यक्षले तोकेको महिला प्रतिनिधी, नेपाल उद्योग वाणिज्य महासंघको प्रतिनिधि, प्रदेश सरकारबाट मनोनित सार्वजनिक निजी साझेदारी विज्ञ समेत गरी कुल १२ जना रहने व्यवस्था छ । समितिको सदस्य-सचिवमा यस मन्त्रालयका सचिव रहनुहुनेछ ।

यसै सन्दर्भमा सार्वजनिक निजी साझेदारी समितिको पहिलो बैठक समितिका अध्यक्ष एवम् माननीय आर्थिक मामिला तथा योजना मन्त्री कैलाश प्रसाद ढुङ्गेलको अध्यक्षतामा आज मिति २०७६/०८/१३ गते शुक्रबार मन्त्रालयको सभाहलमा बस्यो। सो बैठकमा प्रदेश सरकारका विभिन्न मन्त्रालयका सचिवज्यूहरु, उद्योग वाणिज्य महासंघमा प्रतिनिधि एवम् मन्त्रालयका सम्बन्धित महाशाखाका कर्मचारीहरुको उपस्थिति रहेको थियो। समितिका अध्यक्ष एवम् माननीय मन्त्रीज्यूले चालु आ.व. मा प्रदेश सरकारले सार्वजनिक निजी साझेदारीको लागि १५ करोड व्यवस्था गरेको तथा सो बजेटलाई सकेसम्म छिटो सदुपयोग गर्नुपर्ने भएकाले ऐनले दिएको अधिकार अन्तर्गत तयार गर्नुपर्ने नियमावली/कार्यविधी तुरुन्त तर्जुमा गर्न मन्त्रालयलाई निर्देशन दिनुभयो । सातवटा प्रदेशहरुमध्ये सार्वजनिक निजी साझेदारी सम्बन्धी कानुन बनाउने पहिलो प्रदेश यो प्रदेश (३ नं प्रदेश) भएको नाताले यसलाई सुरुवात मानी आवश्यक परेको बखत कानुनी एवम् प्रक्रियागत जटिलता आइपरे यथासम्भव समितिको बैठकबाट निर्णय गरी प्रक्रियालाई सहजिकरण तर्फ लगिने समेत उहाँले बताउनुभयो।

समितिका सदस्य एवम् प्रदेश सरकारका सचिवज्यूहरुले नीतिगत एवम् कार्यगत रुपमा यो कानुनले प्रदेश सरकारलाई नयाँ काम गर्नका लागि बाटो प्रशस्त गरेको धारणा राख्नुभयो। कुन मोडलमा जाने र कति सम्म सिमा राख्ने भन्ने विषयलाई नियमावली एवम् कार्यविधीमा समेटेर जानेपर्ने विषयमा समितिका सबै सदस्यहरुको एकमत रहेको छ। प्रदेश सरकारबाट अब उप्रान्त सञ्चालन गरिने विभिन्न योजनाहरु सार्वजनिक निजी सहकारी साझेदारीको मोडलबाट गर्नका लागि बाटो प्रशस्त गर्न यो ऐनले महत्वपूर्ण भूमिका खेल्न सक्ने कुरामा समिति विश्वस्त रहेको र आवश्यक सल्लाह, सुझाव एवम् सहकार्यका लागि समेत उत्सुक रहेको कुरा सम्बन्धित सबैमा जानकारीका लागि यो विज्ञप्ति जारी गरिएको छ।

२०७६।०८।१३

शा.अ. प्रमोद सिंखडा

सूचना अधिकारी

आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश नं ३, हेटौंडा ।